## उच्च स्तरीय रास्ट्रीय शिक्षा आयोग

## समाबेशीता र समसामयिक बिषय सम्बन्धि सुझाव संकलनप्रश्नावली

१. तपाईको बस्ने ठाँउको वरिपरि वा जानकारीमा भए अनुसार विद्यालय जाँदै नगएका (बहिष्करण/ बन्चितीकरणमा परेका) बालबालिका छन् कि छैनन् ? छन् भने कति जति होलान् ?

२. नगएका बालबालिका कस्तो घर परिवारका होलान् (दुर्गम, विद्यालय टाढा भएका, मुस्लिम, दलित, जनजाति, केटी, अपाङ्गता भएका, नेपाली बोल्न नजान्ने,अति गरिव )? कुन समूहमा पर्लान ?

३. बहिष्करणमा परेका बालबालिकाहरू तथा व्यक्तिहरू (युवा, प्रौढ) वा विद्‌यालयमा आउन नसकेका बालबालिकाहरू बारे जानकारीको लागि हालको शैक्षिक सूचना ब्यवस्थापन प्रणाली कस्तो छ ? त्यसमा के के सुधार ल्याउनु आवश्यक छ ?

४. विद्यालयमा आउन नपाएका, आएर पनि अनियमित हुने र बीचैमा कक्षा छाड्ने बालबालिकाहरू कस्ता र कस्तो घर परिवारका (अपांगता भएका, बालिका, नेपाली बाहेकका अन्य मातृभाषा भएका, टुहुरा, सडक बालबालिका, द्वन्दबाट प्रभावित, शहीदका छोरा छोरी, दलित, जनजाति, मुश्लिम, दुर्गम स्थानमा घर भएका वा विद्यालय टाढा भएका, आर्थिक रूपमा बिपन्न, आदि) होलान् ?

५. विद्यालयमा शिक्षण गर्दा समवेशीकरणका कुन कुन पक्षलाई ध्यान दिनु पर्दछ ?

६. शिक्षामा समावेशीकरणको लागि फरक ढङ्गले सम्बोधन गर्नुपर्ने विशेष बिषयहरू (special themes) के के हुन् ?

७. समवेशिताका मुद्दाहरूलाई अभिभावक, विद्यार्थी, शिक्षक, ब्यवस्थापन समिति अध्यक्ष/सदस्यहरू र शिक्षाका अन्य सरोकारवालाहरूले कसरी सम्बोधन गर्नु पर्दछ ?

८. विगतमा शिक्षामा समावेशीकरणका लागि भएका प्रयासहरू कस्ता छन् ? भविष्यमा कस्ता कस्ता नीति र अभ्यासको आवश्यकता देख्नु हुन्छ ?

९. शिक्षामार्फत समावेशीकरण सुनिश्चित गर्नको लागि स्थानीय, प्रान्तीय र संघीय सरकारको के/कस्तो भूमिका हुनुपर्दछ ?

### बालिका/महिला शिक्षा - लैङ्गिक समता र समानता:

१०. विद्यालय शिक्षामा बालिकाहरूको भर्ना उल्लेखनीय/सन्तोषजनक रहे पनि महाविद्यालय, विश्वविद्यालय र अनौपचारिक शिक्षामा युवा र प्रौढ महिलाहरूको उपस्थिति कमजोर देखिन्छ। यो अवस्थामा सुधार ल्याउन कस्तो नीति र अभ्यास आवश्यक छ ?

११. प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षा, आधारभूत, माध्यमिक, उच्चशिक्षा र अनौपचारिक शिक्षामा बालिका/ महिलामैत्री वातावरण छ कि छैन ? थप सुधारको लागि कस्तो प्रयास गर्नुपर्ने देखिन्छ ?

१२. खास गरेर आधारभूत र माध्यमिक तहमा महिला शिक्षकको सहभागिता कस्तो छ ?

१३. गाउँशिक्षा समिति, नगरशिक्षा समिति, विद्यालय ब्यवस्थापन समिति, महाविद्यालय ब्यवस्थान समिति, अभिभावक शिक्षक संघ, शिक्षकको पेशागत संगठनमा (महासंघ/संघ/संगठन) सहभागिता तथा शैक्षिक सुशासनमा महिलाको भूमिका कस्तो रहेको छ ? थप सुधारका लागि कस्तो नीति र पहल जरुरी छ ?

१४. बालिका/महिला हिंसारहित समाज निर्माण गर्न पाठ्यक्रम, पाठ्यपुस्तक, पठनपाठन तथा शैक्षिक सुधार योजनामा के कस्ता रणनीति अपनाउनु पर्ने देखिन्छ ?

**अपाङ्गता:**

१५. पूर्वबाल्यावस्थामै बिभिन्न किसिमका अपाङ्गताको पहिचान (early diagnosis of disability) कसरी गर्न सकिन्छ र कस्तो रुपान्तरणकारी संयन्त्र (referral mechanism)निर्माण गर्नु पर्दछ ?

१६. समावेशी शिक्षा र विशेष शिक्षा बारे आम नागरिकमा चेतना अभिवृद्धि गर्न के गर्नु पर्ला?

१७. अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने कार्यमा देखा परेका चुनौतीहरू के के हुन् र तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ ?

**दलित, जनजाति, मुश्लिम:**

१८. दलित, जनजाति, मुस्लिम तथा अन्य अल्पसंख्यकहरूको सामाजिक तथा सांस्कृतिक पहिचान र सम्मान बढाउने विषयबस्तु पाठ्यपुस्तकमा समावेश भएका छन् ? सोहिअनुसार शिक्षालयमा अभ्यास पनि भएको छ कि छैन ? छैन भने कस्तो प्रयास गर्नु पर्ला?

१९. गुम्बा, गुरुकुल, मदरसामा हुने शिक्षालाई सम्मानसहित मूलप्रवाहीकरण गर्न के कस्ता प्रयासहरू भएका छन् र थप कस्तो नीतिगत पहल हुनु आवश्यक छ ?

**माध्यम भाषा/मातृभाषा:**

२०. मातृभाषामा शिक्षा पाउने हरेक बालबालिकाको अधिकार हो भनेर नेपालको संविधानले किटानी गरे अनुसार मातृभाषी शिक्षा र बहुभाषी शिक्षालाई कसरी लागू गर्न सकिन्छ ? यस कार्यमा स्थानीय सरकारले कस्तो भूमिका खेल्नु पर्दछ ?

२१. प्रारम्भिक बालविकास, आधारभूत र माध्यमिक शिक्षाको माध्यम भाषा कुन कुन हुनु पर्ला ?

२२. दोस्रो भाषाको रूपमा नेपाली भाषा बोल्ने बालबालिकाहरूका लागि नेपाली विषयको प्रारम्भिक पठनमा सुधार ल्याउन कस्तो प्रवन्ध गर्नु पर्दछ ?

**भौगोलिक विकटमा रहेका बालबालिका:**

२३. दुर्गम स्थानमा घर भएका बालबालिकाले आधारभूत शिक्षाको तहमा कस्ता कस्ता कठिनाइको सामना गर्नु परिरहेको छ ? त्यसलाई समाधान गर्न के के गर्नु पर्ला ?

२४. विद्यार्थी संख्या कम भएका दुर्गम स्थानका आधारभूत बिद्यालयहरू एकीकृत गर्दा आउन सक्ने समस्याहरू के के हुन् ? त्यसलाई कसरी समाधान गर्न सकिन्छ ?

२५. हाल प्रदान गर्दै आएको बालबालिकाको लागि दिइने छात्रवृत्ति रकम पर्याप्त छ कि छैन ?

**अति बिपन्न परिवारका बालबालिका:**

२६. केही अभिभावक सक्षम भए पनि आफ्ना बालबालिका विद्यालय पठाउन मन नगर्ने र केही अभिभावक मन भए पनि आर्थिक कारणले पठाउन नसक्ने अवस्थामा छन्। त्यस्ता अभिभावकको निम्ति के गर्नु पर्ला, कानुनी आधार चाहिने भए कस्तो कानूनी ब्यवस्था आवश्यक छ ? आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य बनाउन के के गर्नु पर्ला ?

२७. बालबालिका विद्यालय नपठाउने अति विपन्न परिवारको पहिचान गरी उनीहरूको आय वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याई बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा ल्याउन स्थानीय सरकारले के गर्नु पर्ला?

**टुहुरा, सडक बालबालिका, तेस्रो लिंङ्गी:**

२८. टुहुरा, सडक बालबालिका तथा एकल अभिभावक भएका, शहीद परिवारका बालबालिको शैक्षिक अधिकार सुनिश्चित गर्न के के गर्नु पर्दछ ?

२९. तेस्रो लिङ्गी बालबालिका/व्यक्तिले शिक्षा लिने क्रममा भोगेका समस्याहरू के के छन् ? त्यसलाई कसरी सम्बोधन गर्न सकिन्छ ?